# गोकुलगंगा गाउँपालिका, रामेछापको आगामी आ.व. २०८३/०८४ को अध्यक्षज्युबाट प्रस्तुत बार्षिक नीति तथा कार्यक्रमः

## १. सुशासन तथा संस्थागत विकास क्षेत्र :

### (क) डिजिटल सुशासन तथा सेवा प्रवाह :

- गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक विद्यालय तथा अन्य सार्वजनिक निकायहरूमा विद्युतीय हाजिरी (E-Attendance), CCTV निगरानी प्रणाली, डिजिटल अभिलेखीकरण तथा कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयन गरी सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र जवाफदेही बनाइनेछ।
- गाउँपालिकाको प्रशासनिक कार्यलाई क्रमशः **Paperless Office** अवधारणामा रूपान्तरण गर्दै डिजिटल फाइल व्यवस्थापन, विद्युतीय पत्राचार (E-Office) तथा अभिलेख व्यवस्थापन प्रणाली लागू गरिनेछ।
- गाउँपालिकाको आधिकारिक वेबसाइट, मोबाइल एप, सामाजिक सञ्जाल तथा डिजिटल सूचना प्रणालीमार्फत सार्वजनिक सूचना र सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गरिनेछ।

### (ख) विद्युतीय सेवा तथा मोबाइल गभर्नेन्स :

- नागरिकलाई वडा तहबाटै सहज सेवा उपलब्ध गराउन अनलाइन सेवा प्रणालीलाई विस्तार गर्दै व्यक्तिगत घटना दर्ता, कर तथा राजस्व भुक्तानी, सिफारिस, सामाजिक सुरक्षा तथा अन्य स्थानीय सेवाहरूलाई क्रमशः अनलाइन माध्यमबाट उपलब्ध गराइनेछ।
- गाउँपालिकाको डिजिटल सेवा प्रणालीलाई राष्ट्रिय सूचना प्रणालीसँग अन्तरआबद्ध गर्दै सेवा प्रवाहलाई थप सहज र प्रभावकारी बनाइनेछ।

### (ग) सार्वजनिक खरिद तथा वित्तीय पारदर्शिता

- सार्वजनिक खरिद प्रक्रियालाई थप पारदर्शी, प्रतिस्पर्धी र प्रभावकारी बनाउन विद्युतीय खरिद प्रणाली (E-GP) लाई क्रमशः अनिवार्य गर्दै वार्षिक खरिद गुरुयोजना कार्यान्वयन गरिनेछ।
- योजना तथा बजेट कार्यान्वयनको अवस्थाबारे नागरिकलाई जानकारी गराउन डिजिटल ड्यासबोर्ड र सार्वजनिक सूचना प्रणालीको विकास गरिनेछ।
- गाउँपालिकाको राजस्व व्यवस्थापनलाई पूर्ण रूपमा विद्युतीय प्रणालीमा आबद्ध गरी नगदरहित (Cashless) कारोबारलाई प्रोत्साहन गरिनेछ।

### (घ) डिजिटल तथ्याङ्क तथा स्मार्ट प्रोफाइल

- गरीब, विपन्न तथा लक्षित वर्गको वैज्ञानिक पहिचान, लगत संकलन, स्तरीकरण तथा डिजिटल तथ्याङ्क व्यवस्थापन गरी घर नम्बर प्रणाली लागू गरिनेछ।
- प्रत्येक घरपरिवार तथा गाउँपालिकाको समग्र सामाजिक, आर्थिक, भौतिक तथा पूर्वाधारसम्बन्धी विवरण समेटिएको **डिजिटल गाउँपालिका प्रोफाइल**लाई नियमित अद्यावधिक गरिनेछ।

- नीति निर्माण, योजना छनोट तथा सेवा प्रवाहलाई तथ्यमा आधारित बनाउन GIS तथा Digital Mapping प्रविधिको उपयोग गरिनेछ।

**(ङ) सूचना प्रविधिमैत्री स्थानीय सरकार**

- गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था तथा शैक्षिक संस्थाहरूलाई सूचना प्रविधिमैत्री बनाई उच्च गतिको इन्टरनेट, डिजिटल सूचना प्रणाली तथा स्मार्ट प्रशासनको विकास गरिनेछ।
- डिजिटल साक्षरता अभिवृद्धिका लागि जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी तथा सर्वसाधारण नागरिकलाई सूचना प्रविधिसम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- साइबर सुरक्षा, डिजिटल गोपनीयता तथा सूचना सुरक्षासम्बन्धी मापदण्ड कार्यान्वयन गरी सुरक्षित सूचना प्रणालीको विकास गरिनेछ।

**(च) गोकुलगंगा सूचना तथा नागरिक सहायता केन्द्र**

- गाउँपालिकाको कार्यालयमा आधुनिक प्रतिक्षालय तथा "गोकुलगंगा सूचना तथा नागरिक सहायता केन्द्र" स्थापना गरी गाउँपालिकाको सेवा, योजना, कानुन, नीति, कार्यविधि, डिजिटल सूचना, पुस्तकालय तथा ई-लाइब्रेरी सेवा उपलब्ध गराइनेछ।
- नागरिक सहायता डेस्कमार्फत सेवाग्राहीलाई सूचना, परामर्श तथा डिजिटल सेवा प्राप्त गर्न आवश्यक सहजीकरण गरिनेछ।

**(छ) योजना तथा संस्थागत विकास**

- गाउँपालिकाको आवधिक योजनालाई दिगो विकास लक्ष्य तथा स्थानीय आवश्यकता अनुरूप योजना निर्माण गरिनेछ।
- तथ्यमा आधारित योजना तर्जुमा तथा अनुगमनका लागि डिजिटल योजना सूचना प्रणाली विकास गरिनेछ।

**(ज) वडा सुदृढीकरण तथा डिजिटल सेवा विस्तार**

- सबै वडा कार्यालयमा सहायक कम्प्युटर अपरेटरको क्षमता अभिवृद्धि गर्दै विद्युतीय राजस्व संकलन, अनलाइन घटना दर्ता तथा डिजिटल अभिलेख व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ।
- वडा कार्यालयहरूलाई क्रमशः Smart Ward Office का रूपमा विकास गर्दै सबै सेवा डिजिटल माध्यमबाट उपलब्ध गराइनेछ।

**(झ) सामाजिक उत्तरदायित्व तथा नागरिक सहभागिता**

- सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखा परीक्षण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यक्रम नियमित सञ्चालन गरी नागरिक सहभागितामूलक सुशासनलाई सुदृढ गरिनेछ।
- नागरिक तथा स्थानीय सरकारबीच दोहोरो संवाद स्थापित गर्न डिजिटल सहभागिता प्लेटफर्मको विकास गरिनेछ।

**(ञ) न्याय, सुशासन तथा भ्रष्टाचार नियन्त्रण**

- ❖ न्यायिक समितिको कार्यसम्पादनलाई छिटो, छरितो र प्रविधिमैत्री बनाउन डिजिटल अभिलेखीकरण तथा व्यवस्थापन प्रणाली लागू गरिनेछ।
- ❖ भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै अनियमितता, कालोबजारी, करछली, कृत्रिम अभाव तथा सार्वजनिक हितविपरीतका गतिविधिमा कडा कानुनी कारबाही गरिनेछ।
- ❖ नागरिक गुनासो व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाउँदै पारदर्शी र जवाफदेही प्रशासनको विकास गरिनेछ।

**(ट) बजार व्यवस्थापन तथा उपभोक्ता संरक्षण**

- ❖ जिल्ला प्रशासन, घरेलु तथा साना उद्योग कार्यालय, उद्योग वाणिज्य संघ, प्रहरी तथा सम्बन्धित निकायसँगको समन्वयमा बजार अनुगमनलाई थप प्रभावकारी बनाइनेछ।
- ❖ प्रत्येक व्यवसायमा मूल्य सूची अनिवार्य राख्ने व्यवस्था गरी गुणस्तरीय वस्तु तथा सेवामा उपभोक्ताको अधिकार सुनिश्चित गरिनेछ।
- ❖ डिजिटल बजार अनुगमन प्रणाली विकास गरी अनुगमनको अभिलेख तथा प्रतिवेदनलाई व्यवस्थित गरिनेछ।

**(ठ) सफा बजार तथा हरित प्रविधि**

- ❖ सार्वजनिक स्थल तथा व्यवसायिक प्रतिष्ठानमा प्लास्टिकजन्य फोहोर तथा सिसाजन्य फोहोरको व्यवस्थापनका लागि उत्पादक, विक्रेता तथा उपभोक्ताको साझा उत्तरदायित्व स्थापित गरिनेछ।
- ❖ वातावरणमैत्री प्रविधि तथा फोहोर व्यवस्थापन प्रणालीलाई प्रवर्द्धन गर्दै सफा र हरित गाउँपालिका निर्माण गरिनेछ।

**(ड) स्थानीय उत्पादन तथा डिजिटल बजार प्रवर्द्धन**

- ❖ स्थानीय दुग्ध तथा कृषि उत्पादनको उत्पादन, प्रशोधन, ब्रान्डिङ तथा डिजिटल बजारीकरणलाई प्रोत्साहन गरिनेछ।
- ❖ **"रसायनजन्य चिसो पेय पदार्थ भगाऔं, दही-मोहीलाई प्राथमिकता दिऔं"** अभियान सञ्चालन गरी स्थानीय उत्पादनको उपभोग र बजार विस्तार गरिनेछ।
- ❖ स्थानीय उत्पादनलाई ई—कमर्स तथा डिजिटल मार्केटिङ प्लेटफर्मसँग आबद्ध गरी उद्यमशीलता तथा स्थानीय अर्थतन्त्रलाई सुदृढ गरिनेछ।

## २. सामाजिक विकास क्षेत्र :

### (क) शिक्षा युवा तथा खेलकुद :

- ❖ गाउँपालिकाका स्थायी बासिन्दा तथा आर्थिक रूपमा विपन्न, जेहेन्दार र लक्षित वर्गका विद्यार्थीहरूलाई चिकित्सा, इन्जिनियरिङ, कृषि, वन, सूचना प्रविधि, नर्सिङ लगायतका प्राविधिक तथा व्यावसायिक उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति तथा शैक्षिक सहायताको व्यवस्था गरिनेछ।

- बालबालिकाको सिकाइ उपलब्धि र नैतिक विकासमा अभिभावकको भूमिकालाई सुदृढ बनाउन सबै विद्यालयमा नियमित अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- कक्षा ६ देखि **Digital Smart Board** मार्फत प्रविधिमैत्री शिक्षण सिकाइलाई अनिवार्य गर्दै प्रत्येक विद्यालयलाई क्रमशः स्मार्ट कक्षा (Smart Classroom) मा रूपान्तरण गरिनेछ।
- गाउँपालिका भित्रका विद्यालयहरूलाई क्रमशः **"स्मार्ट विद्यालय"** का रूपमा विकास गर्दै ICT ल्याब, स्मार्ट बोर्ड, कम्प्युटर शिक्षा, उच्च गतिको इन्टरनेट तथा डिजिटल सिकाइ सामग्रीको व्यवस्था गरिनेछ।
- आवश्यकताका आधारमा विद्यालयहरूमा फर्निचर, पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT ल्याब, खानेपानी, शौचालय, खेल मैदान, सुरक्षा पर्खाल तथा अन्य भौतिक पूर्वाधारको विकास गरिनेछ।
- विद्यार्थीहरूमा कोडिङ, रोबोटिक्स, कृत्रिम बुद्धिमत्ता (AI), डिजिटल साक्षरता तथा साइबर सुरक्षासम्बन्धी आधारभूत ज्ञान प्रदान गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयमा ई-लाइब्रेरी, डिजिटल हाजिरी तथा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) को प्रभावकारी कार्यान्वयन गरिनेछ।
- बालमैत्री स्थानीय शासन अवधारणालाई आत्मसात गर्दै गाउँपालिका, वडा तथा समुदायको साझेदारीमा प्रत्येक वडामा क्रमशः बाल उद्यान निर्माण गरिनेछ।
- बालबालिकाको प्रतिभा प्रस्फुटनका लागि विद्यालय, वडा तथा गाउँपालिका स्तरमा हाजिरीजवाफ, वक्तृत्वकला, निबन्ध, चित्रकला, विज्ञान प्रदर्शनी, नवप्रवर्तन प्रदर्शनी, सांस्कृतिक कार्यक्रम तथा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ।
- विश्वव्यापी प्रतिस्पर्धालाई ध्यानमा राखी अंग्रेजी माध्यम शिक्षालाई थप प्रभावकारी बनाउँदै कक्षा ५ सम्म आवश्यक थप पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीको व्यवस्था गरिनेछ।
- शिक्षक तथा कर्मचारीहरूको व्यावसायिक दक्षता अभिवृद्धिका लागि पाठ्यक्रम, परीक्षा, मूल्याङ्कन, सूचना प्रविधि, अनुसन्धान, डिजिटल सिकाइ तथा अन्य समसामयिक विषयमा तालिम तथा कार्यशाला सञ्चालन गरिनेछ।
- केजी कक्षालाई थप व्यवस्थित गर्दै बालमैत्री सिकाइ वातावरण निर्माण गरिनेछ तथा केजी शिक्षकहरूको सेवा सुविधा वृद्धि गरी एकरूपता कायम गरिनेछ।
- स्थानीय भाषा, संस्कृति, इतिहास, पर्यटन, कृषि तथा प्राकृतिक सम्पदामा आधारित स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- विद्यालय तहदेखि नै सीपमूलक तथा उद्यमशील शिक्षा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
- माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको अनुशासन, नेतृत्व क्षमता, स्वयंसेवी भावना र विपद् व्यवस्थापन सीपको विकासका लागि सातवटै माध्यमिक विद्यालयमा नेपाल स्काउट कार्यक्रम सञ्चालन गरिनेछ।
- दरबन्दी न्यून तर विद्यार्थी संख्या बढी भएका विद्यालयहरूमा गाउँपालिका अनुदान शिक्षक कार्यक्रमलाई निरन्तरता दिई आवश्यकताका आधारमा थप व्यवस्थापन गरिनेछ।

- शिक्षक दरबन्दी तथा विद्यालय व्यवस्थापनलाई वैज्ञानिक नक्साङ्कन तथा विद्यार्थी सङ्ख्याको आधारमा व्यवस्थित गरिनेछ।
- विद्यालयको अवस्थिति, जनसंख्या वितरण, विद्यार्थी संख्या, भौगोलिक अवस्था तथा सामाजिक न्यायका आधारमा विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान गरिनेछ।
- गाउँपालिका अनुदान प्राप्त बालविकास सहजकर्ताहरूको पारिश्रमिकमा समानता कायम गर्दै क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- माध्यमिक तहको IT शिक्षक कार्यक्रमलाई थप व्यवस्थित गर्दै निरन्तरता दिइनेछ।
- गाउँपालिकाभित्रका युवाहरूलाई स्वरोजगार तथा उद्यमशील बनाउन कृषि, पर्यटन, सूचना प्रविधि, निर्माण, अटोमोबाइल, इलेक्ट्रोनिक्स, डिजिटल मार्केटिङ लगायतका क्षेत्रमा सीप विकास तालिम सञ्चालन गरिनेछ।
- तालिम प्राप्त युवाहरूलाई उद्यम स्थापना तथा स्वरोजगारका लागि आवश्यक सहजीकरण गरिनेछ।
- विद्यालय, वडा तथा गाउँपालिका स्तरमा अतिरिक्त क्रियाकलाप तथा खेलकुद प्रतियोगिताहरू सञ्चालन गरी प्रतिभाशाली विद्यार्थीहरूको पहिचान तथा प्रोत्साहन गरिनेछ।
- उत्कृष्ट प्रतिभाहरूलाई छात्रवृत्ति, सम्मान तथा राष्ट्रियस्तरका प्रतियोगितामा सहभागिताको अवसर प्रदान गरिनेछ।
- गोकुलगंगा गाउँपालिकाको आयोजनामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप व्यवस्थित, प्रतिस्पर्धात्मक तथा गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ।
- युवाहरूमा खेल संस्कृतिको विकास तथा स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न गोकुलगंगा कप लगायत विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।
- प्रत्येक वडामा खेल मैदान तथा आवश्यक खेल पूर्वाधारको विकास गर्दै क्रिकेट, फुटबल, भलिबल, एथलेटिक्स लगायतका खेललाई प्रोत्साहन गरिनेछ।
- युवाहरूलाई सूचना प्रविधि, स्टार्टअप, नवप्रवर्तन, कृत्रिम बुद्धिमत्ता (AI), डिजिटल उद्यमशीलता तथा ई-कमर्स क्षेत्रमा सक्षम बनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- युवा पुस्तालाई लागुऔषध, साइबर अपराध, बालविवाह, हिंसा तथा अन्य सामाजिक विकृतिबाट जोगाउन विद्यालय तथा समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

### (ख) स्वास्थ्य :

- **"ज्येष्ठ नागरिकसँग स्वास्थ्यकर्मी"** कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै सबै वडामा दक्ष स्वास्थ्यकर्मी परिचालन गरी ज्येष्ठ नागरिकको नियमित स्वास्थ्य परीक्षण, उपचार, परामर्श तथा आवश्यक औषधि सेवा घरदैलोमै उपलब्ध गराइनेछ।
- ज्येष्ठ नागरिकको डिजिटल स्वास्थ्य अभिलेख (Electronic Health Record-EHR) तयार गरी नियमित स्वास्थ्य अनुगमन गरिनेछ।
- सबै वडामा आधारभूत स्वास्थ्य परीक्षण, उपचार, औषधि तथा प्रयोगशाला सेवासहित गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराई नागरिकको सहज पहुँच सुनिश्चित गरिनेछ।

- मातृ तथा शिशु मृत्युदर न्यूनीकरण गर्न **"सुत्केरीसँग उपाध्यक्ष"** कार्यक्रमलाई निरन्तरता दिँदै बर्थिङ सेन्टरमा सुरक्षित सुत्केरी हुने आमाहरूलाई पोषण प्याकेज तथा स्वास्थ्य सामग्री उपलब्ध गराइनेछ।
- घरमा हुने प्रसूति शून्यमा झार्ने लक्ष्यसहित सबै वडामा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- सबै स्वास्थ्य संस्थामा स्तनपान कक्ष स्थापना तथा व्यवस्थापन गरी स्तनपानसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- जटिल प्रकृतिका सुत्केरी तथा आपत्कालीन अवस्थाका बिरामीलाई रेफर गर्न निःशुल्क एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिइनेछ।
- एम्बुलेन्स सेवामा GPS Tracking तथा डिजिटल कल व्यवस्थापन प्रणाली लागू गरिनेछ।
- गोकुलगंगा गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना स्थानीय तहको रूपमा कायम राख्न नियमित खोप कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।
- बिभिन्न सरुवा रोग तथा उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मिर्गौला, मुटुरोग लगायत नसर्ने रोगको रोकथाम, परीक्षण तथा उपचारका लागि विशेष अभियान सञ्चालन गरिनेछ।
- नेपाल रेडक्रस सोसाइटी रामेछापसँगको सहकार्यमा आपत्कालीन अवस्थाका बिरामीलाई निःशुल्क रगत उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- स्वस्थ जीवनशैली, पोषण, सरसफाइ, योग, व्यायाम तथा स्वास्थ्य सचेतनालाई प्रोत्साहन गर्दै "स्वस्थ जनता, समृद्ध गाउँपालिका" अभियान सञ्चालन गरिनेछ।
- नेपाल सरकारले तोकेबमोजिम सबै स्वास्थ्य संस्थाबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।
- स्थानीय स्वास्थ्य प्रणालीलाई पुनर्संरचना, सुदृढीकरण तथा विस्तार गर्दै आवश्यक स्वास्थ्य पूर्वाधार तथा सेवा विकास गरिनेछ।
- स्वास्थ्य प्रवर्द्धन, रोग रोकथाम, उपचार, पुनर्स्थापना तथा प्रशामक स्वास्थ्य सेवालाई एकीकृत रूपमा विकास तथा विस्तार गरिनेछ।
- स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन आवश्यक दक्ष स्वास्थ्यकर्मी, विशेषज्ञ सेवा तथा सीपमिश्रित जनशक्तिको विकास र व्यवस्थापन गरिनेछ।
- खोप क्लिनिक, गाउँघर क्लिनिक तथा बर्थिङ सेन्टरमा रात्रीकालीन सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी तथा नर्सिङ कर्मचारीलाई प्रदान गरिँदै आएको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको योगदानको उच्च सम्मान गर्दै क्षमता विकास, प्रोत्साहन तथा सेवा सुविधालाई निरन्तरता दिइनेछ।
- गोकुलगंगा अस्पताललाई थप व्यवस्थित गर्दै आवश्यक प्राविधिक जनशक्ति, प्रयोगशाला उपकरण, डिजिटल एक्स-रे, भिडियो एक्स-रे, आधारभूत आकस्मिक सेवा तथा टेलिमेडिसिन सेवाको विस्तार गरिनेछ।
- गर्भवती महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा दीर्घरोगीहरूका लागि खोप, औषधि सेवन, स्वास्थ्य परीक्षण तथा परामर्शसम्बन्धी SMS तथा मोबाइल सूचना प्रणाली सञ्चालन गरिनेछ।
- स्वास्थ्य संस्थाबाट हुने सम्पूर्ण सेवा, औषधि व्यवस्थापन, खोप, मातृ तथा शिशु स्वास्थ्य, रोग निगरानी तथा प्रतिवेदनलाई डिजिटल स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (HMIS) मा आबद्ध गरिनेछ।

- ❖ विद्यालय स्वास्थ्य परीक्षण, किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा, मानसिक स्वास्थ्य परामर्श तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ कुपोषण न्यूनीकरण, रक्तअल्पता नियन्त्रण तथा स्वस्थ जीवनशैली प्रवर्द्धनका लागि नियमित स्वास्थ्य शिविर तथा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ विपद्, महामारी तथा आकस्मिक स्वास्थ्य जोखिम व्यवस्थापनका लागि द्रुत स्वास्थ्य प्रतिक्रिया टोली (Rapid Response Team) गठन तथा आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्थापन गरिनेछ।
- ❖ स्वास्थ्य संस्थाहरूलाई सरसफाइ, फोहोरमैला व्यवस्थापन, सौर्य ऊर्जाको प्रयोग तथा हरित स्वास्थ्य पूर्वाधारयुक्त बनाइनेछ।
- ❖ स्वास्थ्य बीमा कार्यक्रममा सबै नागरिकको पहुँच विस्तार गर्दै विपन्न तथा जोखिमयुक्त समुदायलाई प्राथमिकताका साथ आबद्ध गरिनेछ।

### (ग) महिला तथा बालबालिका, ज्येष्ठ नागरिक, सामाजिक सुरक्षा, लैङ्गिक समानता, तथा समावेशीकरण

- ❖ समाजमा विद्यमान बालविवाह, बालश्रम, लैङ्गिक हिंसा, छुवाछुत, मानव बेचबिखन तथा अन्य सामाजिक कुरीतिहरूको अन्त्यका लागि व्यापक जनचेतनामूलक तथा कानुनी साक्षरता अभियान सञ्चालन गरिनेछ।
- ❖ विद्यालय, समुदाय, आमा समूह, युवा क्लब तथा धार्मिक एवं सामाजिक अगुवाहरूको सहभागितामा सामाजिक रूपान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ विद्यालयस्तरमा किशोर—किशोरी समूह तथा समुदायस्तरमा अभिभावकहरूलाई समेटेर जीवनोपयोगी शिक्षा, यौन तथा प्रजनन स्वास्थ्य, साइबर सुरक्षा, मानसिक स्वास्थ्य तथा सामाजिक उत्तरदायित्वसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ अपाङ्गता भएका व्यक्तिहरूको सम्मान, अधिकार, पहुँच र अवसर सुनिश्चित गर्दै उनीहरूलाई समाजको मूल प्रवाहमा सहभागी गराइनेछ।
- ❖ सार्वजनिक सेवा तथा पूर्वाधारलाई अपाङ्गतामैत्री बनाउने नीति अवलम्बन गरिनेछ।
- ❖ उपलब्ध स्रोत र साधनको आधारमा अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक सामग्री वितरण, सचेतना कार्यक्रम तथा क्षमता विकास अभिमुखीकरण सञ्चालन गरिनेछ।
- ❖ कानुनले प्रत्याभूत गरेका मानव अधिकारको संरक्षण तथा सामाजिक न्याय स्थापना गर्न विशेष अभियान सञ्चालन गरिनेछ।
- ❖ महिला, दलित, आदिवासी जनजाति, अल्पसङ्ख्यक, सिमान्तकृत तथा पिछडिएका समुदायका लागि अधिकार, कानुनी उपचार तथा राज्यबाट उपलब्ध सेवासम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ ज्येष्ठ नागरिकहरूको अनुभव, ज्ञान तथा योगदानको सम्मान गर्दै सामाजिक सुरक्षा तथा स्वास्थ्य सेवामा प्राथमिकता दिइनेछ।
- ❖ ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरी आवश्यक स्वास्थ्य सामग्री वितरण, निःशुल्क स्वास्थ्य शिविर तथा समुदायमा आधारित ज्येष्ठ नागरिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ गर्भवती महिला, सुत्केरी आमा तथा दुई वर्षमुनिका बालबालिकाको पोषण सुधारका लागि सुनौला १००० दिन कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

- महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह तथा अभिभावकहरूलाई लक्षित गरी पोषण, स्तनपान, सन्तुलित आहार तथा सरसफाइसम्बन्धी तालिम सञ्चालन गरिनेछ।

## ३. आर्थिक विकास तर्फ

### (क) कृषि विकास :

- कृषकहरूलाई आधुनिक कृषि प्रविधि, व्यवसायिक खेती, कृषि उद्यमशीलता तथा बजारमुखी उत्पादन प्रणालीमा दक्ष बनाउन बाली विशेष तालिम, अवलोकन भ्रमण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि पेशालाई सम्मानित तथा आकर्षक व्यवसायका रूपमा विकास गर्न युवा तथा महिला कृषकलाई विशेष प्राथमिकता दिइनेछ।
- "माटो परीक्षण, सही पोषण" अभियानअन्तर्गत घुम्ती माटो परीक्षण शिविर सञ्चालन गरी माटोको उर्वराशक्ति विश्लेषणका आधारमा कृषि चुन, जैविक मल तथा आवश्यक पोषक तत्वहरूको सिफारिस गरिनेछ।
- स्थानीय सम्भावना, हावापानी तथा भौगोलिक विशेषताको आधारमा "एक वडा—एक कृषि उत्पादन" कार्यक्रमलाई संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- **"कृषि क्षेत्रको वृद्धि, गोकुलगंगाको समृद्धि"** भन्ने मूल नाराका साथ कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायीकरण तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि क्षेत्रमा ड्रिप सिँचाइ, प्लास्टिक टनेल, आधुनिक उपकरण तथा स्मार्ट कृषि प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।
- बाँझो जमिनलाई उत्पादनशील बनाउने उद्देश्यले टिम्मुर, लप्सी, दाँते ओखर, एभोकाडो, म्याकाडेमिया नट, कागती, सुन्तला, स्याउ, किवी तथा अन्य उच्च मूल्यका फलफूल खेती विस्तार गरिनेछ।
- सामूहिक खेती तथा करार खेती (Contract Farming) लाई प्रोत्साहन गरिनेछ।
- मानव स्वास्थ्य तथा वातावरण संरक्षणलाई मध्यनजर गर्दै रासायनिक मल तथा विषादीको प्रयोग न्यूनीकरण गरी जैविक तथा प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिनेछ।
- **"आलीदेखि थालीसम्म सुरक्षित खाद्यान्न"** भन्ने अवधारणाअनुसार असल कृषि अभ्यास (Good Agricultural Practices-GAP) लाई प्रवर्द्धन गरिनेछ।
- **"सूचनाको पहुँचमा किसान, सबैको सहभागिता हाम्रो अभियान"** भन्ने नाराका साथ किसान सञ्जाल गठन तथा डिजिटल कृषि सूचना प्रणाली विकास गरिनेछ।
- संघीय सरकार तथा अन्य साझेदार निकायसँगको सहकार्यमा खाद्य सुरक्षा कार्यक्रमअन्तर्गत आलु खेती विस्तार तथा किवी खेतीको व्यावसायीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- व्यावसायिक कृषि पकेट क्षेत्रमा सिँचाइ, कृषि सडक, विद्युतीकरण, कृषि बजार, शीत भण्डार, गोदाम घर, संकलन केन्द्र तथा कृषि पूर्वाधारको विकास गरिनेछ।

- स्थानीय रैथाने बालीको बीउ संरक्षण, अनुसन्धान तथा प्रवर्द्धन गर्दै तिनको पोषण तथा आर्थिक महत्वबारे तालिम तथा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- रैथाने बालीलाई ब्रान्डिङ तथा बजारीकरण गरिनेछ।
- आलु तथा किवी खेतीमा उत्पादनमा आधारित अनुदान प्रणालीलाई कार्यान्वयन गर्दै क्रमशः अन्य बालीमा विस्तार गरिनेछ।
- आलु, किवी तथा अन्य स्थानीय उत्पादनको बजारीकरणलाई सहज बनाउन गाउँपालिकाको वेबसाइट तथा डिजिटल प्लेटफर्मको प्रयोग गरिनेछ।
- **"स्थानीय जनताको मन, स्थानीय उत्पादन"** भन्ने नाराका साथ स्थानीय कृषि उत्पादन संकलन केन्द्र स्थापना तथा सञ्चालन गरी उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउने व्यवस्था गरिनेछ।
- स्थानीय उत्पादनको ब्रान्डिङ, प्याकेजिङ तथा मूल्य अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।
- गोकुलगंगा गाउँपालिकाको विशेष कृषि उत्पादनलाई स्थानीय ब्रान्डका रूपमा विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गरिनेछ।
- गाउँपालिकाको कृषि क्षेत्र, उत्पादन, कृषक तथा पकेट क्षेत्रको डिजिटल नक्साङ्कन (GIS Mapping) तथा कृषि तथ्याङ्क प्रणाली विकास गरिनेछ।
- युवा तथा महिला कृषकलाई व्यवसायिक कृषि तथा कृषि स्टार्टअप सञ्चालन गर्न विशेष कार्यक्रम तथा सहुलियत उपलब्ध गराइनेछ।

### (ख) पशुपन्क्षि तथा मत्स्य विकास :

- पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै कृषकको आयआर्जन तथा स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाइनेछ।
- पशु स्वास्थ्य सेवालाई गाउँस्तरसम्म विस्तार गर्दै रोग रोकथाम, निदान, उपचार तथा महामारी व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।
- सामुदायिक कुकुर व्यवस्थापन, बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- गाई, भैंसी, बाख्रा, भेडा, बंगुर, कुखुरा, मौरी तथा मत्स्यपालन व्यवसायलाई व्यावसायिक, आधुनिक तथा प्रतिस्पर्धी बनाउन प्राविधिक तथा आवश्यकताअनुसार अनुदान सहयोग उपलब्ध गराइनेछ।
- पशुसेवा सम्बन्धी औषधि, खोप, कृत्रिम गर्भाधान सेवा तथा उपचार सामग्रीको सहज उपलब्धता सुनिश्चित गरिनेछ।
- पशु उपचार, रोग नियन्त्रण तथा स्वास्थ्य सेवा प्रभावकारी बनाउन आवश्यक औषधि, खोप तथा उपकरण खरिद गरिनेछ।
- स्थानीय दुग्ध, मासु, अण्डा, मह तथा माछाजन्य उत्पादनको संकलन, ब्रान्डिङ, प्रशोधन तथा बजारीकरणलाई प्रोत्साहन गरिनेछ।

- पशुपालन तथा मत्स्यपालनसम्बन्धी तालिम, गोष्ठी, प्राविधिक परामर्श तथा अध्ययन अवलोकन भ्रमण सञ्चालन गरिनेछ।
- पशुधन बीमा कार्यक्रमप्रति कृषकको पहुँच विस्तार गरी प्राकृतिक प्रकोप तथा महामारीबाट हुने जोखिम न्यूनीकरण गरिनेछ।
- मौरीपालन व्यवसायलाई प्रोत्साहन गर्दै मह उत्पादन तथा बजारीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- उन्नत घाँस खेती, चाराखेती तथा पोषणयुक्त पशु आहार उत्पादनलाई प्रोत्साहन गरिनेछ।

### (ग) सहकारी :

- सहकारी संस्थाहरूमा सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा वित्तीय अनुशासन कायम गर्दै संस्थागत सुदृढीकरण गरिनेछ।
- सहकारी संस्थालाई उत्पादन, उद्यमशीलता, वित्तीय समावेशीकरण तथा स्थानीय आर्थिक विकासको प्रमुख आधारका रूपमा विकास गरिनेछ।
- सहकारी संस्थाहरूलाई सूचना प्रविधिमैत्री बनाउँदै डिजिटल अभिलेख व्यवस्थापन, अनलाइन प्रतिवेदन तथा विद्युतीय तथ्याङ्क प्रणालीलाई प्रोत्साहन गरिनेछ।
- सहकारी क्षेत्रलाई क्रमशः डिजिटल सुशासनमा आबद्ध गरिनेछ।
- सहकारी संस्थाको नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाई वित्तीय अनुशासन तथा सदस्य हित संरक्षण सुनिश्चित गरिनेछ।
- सहकारीका सञ्चालक, व्यवस्थापक, कर्मचारी तथा सदस्यहरूको क्षमता विकासका लागि तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण सहकारी संस्थाको अद्यावधिक तथ्याङ्क संकलन तथा व्यवस्थापन गरी तथ्यमा आधारित नीति तथा योजना निर्माण गरिनेछ।

### (घ) रोजगार, बाणिज्य, पर्यटन, संस्कृति, उद्यम विकास तथा नवप्रवर्तन :

#### १. रोजगार तथा सुरक्षित आप्रवासन कार्यक्रम :

- सूचीकृत बेरोजगार युवा, वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति तथा स्वरोजगार हुन इच्छुक नागरिकहरूलाई लक्षित गरी **"नयाँ उद्यमी सिर्जना कार्यक्रम"** सञ्चालन गरिनेछ।
- उद्यम सञ्चालनका लागि व्यवसाय योजना निर्माण, उद्यम व्यवस्थापन, वित्तीय साक्षरता तथा बजार व्यवस्थापनसम्बन्धी तालिम प्रदान गरिनेछ।
- उद्यमीहरूलाई सहकारी, बैंक तथा वित्तीय संस्थासँग समन्वय गरी आवश्यक सहजीकरण गरिनेछ ।
- श्रम बजारको माग तथा स्थानीय आवश्यकताका आधारमा सीप विकास, उत्पादन र उद्यमशीलतामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

- वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सूचना, परामर्श तथा सहजीकरण सेवाहरूलाई प्रभावकारी बनाइनेछ।
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको ज्ञान, सीप, अनुभव तथा पूँजीलाई स्थानीय विकास र उद्यमशीलतासँग जोडिनेछ।
- सुरक्षित वैदेशिक रोजगार, कानुनी प्रक्रिया, श्रमिक अधिकार तथा जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- न्यूनतम रोजगारी प्रत्याभूति कार्यक्रम, सीप विकास तालिम, स्वरोजगार कार्यक्रम तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको सीप, अनुभव तथा पूँजीलाई स्थानीय उद्यम तथा उत्पादनसँग जोड्दै पुनःएकीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारसँग सम्बन्धित कानुनी प्रक्रिया, श्रमिक अधिकार, श्रम स्वीकृति, श्रम सम्झौता, बीमा, जोखिम न्यूनीकरण तथा मानव बेचबिखन विरुद्धका विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय, युवा क्लब, आमा समूह तथा समुदायस्तरमा सुरक्षित आप्रवासनसम्बन्धी जनचेतना विस्तार गरिनेछ।
- वैदेशिक रोजगारी तथा अन्य विभिन्न कारणले मनोसामाजिक समस्या भोगिरहेका व्यक्ति तथा परिवारलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।
- वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति, श्रमिकका परिवार, एकल महिला तथा जोखिममा रहेका समूहलाई विशेष परामर्श तथा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय तथा समुदायस्तरमा मानसिक स्वास्थ्य, तनाव व्यवस्थापन, आत्महत्या न्यूनीकरण, पारिवारिक सम्बन्ध सुदृढीकरण तथा सकारात्मक सोच विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- किशोर–किशोरी, युवा तथा अभिभावक लक्षित मानसिक स्वास्थ्य सचेतना अभियानलाई निरन्तरता दिइनेछ।

## २. उद्यम विकास तथा नवप्रवर्तन :

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम लघु उद्यम विकास मोडेलमा आधारित नयाँ उद्यमी सिर्जना गरिनेछ।
- सुरक्षित आप्रवासन (SaMi) कार्यक्रमसँगको साझेदारीमा वित्तीय व्यवस्थापन तथा विप्रेषणको उत्पादनमूलक उपयोगसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- नयाँ तथा सञ्चालनमा रहेका लघु उद्यमीहरूको उत्पादकत्व वृद्धि गर्न समूह तथा व्यक्तिगत रूपमा प्रविधि सहयोग उपलब्ध गराइनेछ।
- स्थानीय उत्पादनको संकलन, प्रदर्शन, प्रवर्द्धन तथा बजारीकरणका लागि कोसेली घर, उद्यम घर, साझा सुविधा केन्द्र, संकलन तथा बिक्री केन्द्र स्थापना वा सञ्चालनका लागि आवश्यक व्यवस्थापन गरिनेछ।
- स्थानीय उत्पादनको ब्रान्डिङ, प्याकेजिङ, लेबलिङ तथा मूल्य अभिवृद्धिमा सहजीकरण गरिनेछ।

- स्थानीय उत्पादन तथा रोजगारी प्रवर्द्धनका लागि निजी क्षेत्र, उद्योग व्यवसायी, सहकारी संस्था तथा विकास साझेदारहरूसँग सहकार्य र साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय उत्पादनको राष्ट्रिय तथा क्षेत्रीय बजारमा पहुँच विस्तार गर्न उद्योगी, व्यवसायी, सहकारी संस्था तथा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया, छलफल तथा समन्वयात्मक कार्यक्रम सञ्चालन गरिनेछ।
- व्यापार मेला, प्रदर्शनी, उद्यम मेला तथा उत्पादन प्रदर्शनी कार्यक्रम मार्फत स्थानीय उत्पादनको प्रवर्द्धन गरिनेछ।

## ३. पर्यटन, संस्कृति तथा सम्पदा संरक्षण :

- धार्मिक तथा पर्यटकीय दृष्टिले अत्यन्त सम्भावना बोकेको पाँचपोखरी—जट्टापोखरी क्षेत्रलाई गाउँपालिकाको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ। पैदलमार्ग निर्माण, विश्रामस्थल, तीर्थयात्री आवास (धर्मशाला), मन्दिर निर्माण, सूचना केन्द्र, खानेपानी तथा सरसफाइ व्यवस्थापन लगायतका पूर्वाधार निर्माण कार्यलाई क्रमागत रूपमा विस्तार गरिनेछ।
- कोश्याङ खर्कसम्म निर्माणाधीन मोटरमार्गलाई क्रमशः स्तरोन्नति गर्दै सहज पहुँच सुनिश्चित गरिनेछ। उक्त क्षेत्रलाई प्राकृतिक सौन्दर्य, पदयात्रा, आन्तरिक पर्यटन तथा साहसिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गरिनेछ।
- धार्मिक तथा पर्यटकीय पदमार्गहरूमा यात्रु तथा पर्यटकहरूको सुविधाका लागि स्वच्छ खानेपानी, विश्रामस्थल, शौचालय तथा सूचना केन्द्रको व्यवस्थापन गरिनेछ।
- ताँमे डाँडामा निर्माण सम्पन्न मन्दिरलाई केन्द्रमा राखी दृश्यावलोकन स्थल, पदमार्ग, विश्रामस्थल, पार्क तथा अन्य आवश्यक पर्यटकीय पूर्वाधार निर्माण गरी आकर्षक धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ।
- फर्पु पिकनिक स्पटलाई बहुजातीय सांस्कृतिक पार्कका रूपमा विकास गरिनेछ। विभिन्न जातजातिको संस्कृति, भेषभूषा, कला, परम्परा तथा जीवनशैली झल्कने संरचना निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाका सबै वडामा रहेका प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको पहिचान गरी "एक वडा—एक पर्यटकीय गन्तव्य" अवधारणाअनुसार आवश्यक भौतिक पूर्वाधार विकास गरिनेछ।
- विभिन्न जातजातिको भाषा, संस्कृति, लोककला, लोकगीत, लोकनृत्य, भेषभूषा तथा मौलिक परम्पराको संरक्षण र प्रवर्द्धनका लागि सांस्कृतिक महोत्सव, प्रदर्शनी, प्रतियोगिता तथा अभिलेखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- गोकुलगंगा गाउँपालिका भित्र बसोबास गर्ने आदिवासी जनजाति तथा अल्पसंख्यक सुनुवार समुदायको भाषा, लिपि, संस्कृति, परम्परा, मौलिक संस्कार तथा ऐतिहासिक पहिचानको संरक्षण, संवर्द्धन र पुस्तान्तरणलाई विशेष प्राथमिकतामा राखिनेछ। खिम्ती खोला वारीपारिका क्षेत्रहरू विशेषगरी सुनुवार समुदायको ऐतिहासिक किपट

भूमि तथा सभ्यता विकासको महत्वपूर्ण केन्द्रका रूपमा रहेका कारण यस क्षेत्रको ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्वको अध्ययन, अनुसन्धान, अभिलेखीकरण र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछन्।

- ❖ गोकुलगंगा गाउँपालिका वडा नं. ३, रस्नालुमा निर्माणाधीन सुनुवार सांस्कृतिक भवनलाई सम्पन्न गरी भाषा, संस्कार, परम्परागत ज्ञान, सांस्कृतिक सम्पदा तथा समुदायको इतिहास संरक्षण गर्ने जीवित संग्रहालय (Living Heritage Center) का रूपमा विकास गरिनेछ। साथै सुनुवार समुदायको सांस्कृतिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न सांस्कृतिक महोत्सव, अनुसन्धान, प्रकाशन, दस्तावेजीकरण तथा नयाँ पुस्तामा मातृभाषा र संस्कृतिको हस्तान्तरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- ❖ धर्म तथा संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न समुदायका गुम्बा, चर्च, मठ, मन्दिर, घाटघर तथा धार्मिक स्थलहरूको निर्माण, मर्मत, पुनःनिर्माण तथा स्तरोन्नति गरिनेछ। धार्मिक सहिष्णुता, सामाजिक सद्भाव तथा सांस्कृतिक एकताको भावना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ गाउँपालिकाभित्र रहेका पर्यटकीय गन्तव्यहरूको डिजिटल प्रोफाइल तयार गरी वेबसाइट, सामाजिक सञ्जाल, सूचना केन्द्र तथा डिजिटल माध्यममार्फत प्रचार—प्रसार गरिनेछ। पर्यटन नक्सा, सूचना सामग्री तथा वृत्तचित्र निर्माण गरी पर्यटन प्रवर्द्धनलाई प्रभावकारी बनाइनेछ।
- ❖ स्थानीय उत्पादन, स्थानीय संस्कृति तथा ग्रामीण जीवनशैलीलाई पर्यटनसँग जोड्दै होमस्टे, स्थानीय हस्तकला, कृषि पर्यटन तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गरिनेछ। पर्यटन क्षेत्रबाट स्थानीय रोजगारी तथा आयआर्जन वृद्धि गर्न विशेष पहल गरिनेछ।

### (ङ) राजस्व तथा आन्तरिक श्रोत परिचालन :

- ❖ गाउँपालिकाको आन्तरिक आय अभिवृद्धिका लागि आवश्यक ऐन, नियमावली तथा कार्यविधि तर्जुमा गरी राजस्व प्रशासनलाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाइनेछ।
- ❖ कर प्रशासनलाई सूचना प्रविधिमैत्री, सेवाग्राहीमैत्री तथा पारदर्शी बनाउँदै अनलाइन राजस्व संकलन तथा डिजिटल कर व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ।
- ❖ वडा कार्यालय तथा गाउँपालिका केन्द्रमा सञ्चालनमा रहेका राजस्व व्यवस्थापन सफ्टवेयरको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारी क्षमता विकास तथा आवश्यक प्रविधिगत पूर्वाधार विस्तार गरिनेछ।
- ❖ **"करको दर होइन, करको दायरा विस्तार"** भन्ने सिद्धान्तलाई आत्मसात गर्दै न्यून दर र फराकिलो दायरामा आधारित प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेछ।
- ❖ उद्योग, व्यवसाय तथा सेवा क्षेत्रको विकासमार्फत राजस्व वृद्धि गर्न उद्योग वाणिज्य संघ तथा निजी क्षेत्रसँग सहकार्य र समन्वय गरिनेछ।
- ❖ दर्ता नभई सञ्चालनमा रहेका व्यवसायहरूको अभिलेखीकरण गरी सबै व्यवसायलाई करको दायरामा ल्याइनेछ।
- ❖ करदाता शिक्षा, जनचेतना, विद्यालयस्तरीय कर सचेतना कार्यक्रम तथा उत्कृष्ट करदातालाई सम्मान र प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ।

- महिला, दलित, विपन्न तथा पिछडिएका वर्गले सञ्चालन गरेका व्यवसायहरूको दर्ता तथा नवीकरणमा विशेष सहुलियत तथा प्रोत्साहन प्रदान गरिनेछ।
- नेपालको संविधान तथा प्रचलित कानूनले प्रदान गरेका अधिकारको दायराभित्र रही गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि नयाँ सम्भावित क्षेत्रहरूको खोजी तथा परिचालन गरिनेछ।
- कर चुहावट नियन्त्रण, राजस्व संकलन अभिवृद्धि तथा सुशासन प्रवर्द्धनका लागि सम्बन्धित कर्मचारी, सरोकारवाला निकाय तथा सहयोगी पक्षलाई कार्यसम्पादनका आधारमा प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ।
- **डिजिटल करदाता प्रोफाइल, अनलाइन व्यवसाय दर्ता तथा नवीकरण, QR Code मार्फत कर भुक्तानी, राजस्व ड्यासबोर्ड** तथा **विद्युतीय अभिलेख प्रणाली** लागू गरी राजस्व प्रशासनलाई पूर्ण रूपमा प्रविधिमैत्री बनाइनेछ।

## ४. भौतिक पूर्वाधार विकास तर्फ :

- गाउँपालिकाको आवधिक योजना, एकीकृत बस्ती विकास योजना तथा भौतिक विकास गुरुयोजनाको प्रभावकारी कार्यान्वयन गर्दै पूर्वाधार विकासलाई योजनाबद्ध, वैज्ञानिक तथा दिगो बनाइनेछ। पूर्वाधार निर्माणका आयोजनाहरू छनोट गर्दा लागत—लाभ विश्लेषण, सामाजिक न्याय, समावेशी विकास तथा दीर्घकालीन प्रतिफललाई आधार मान्दै उच्च प्रभाव पार्ने आयोजनाहरूको पहिचान गरी "आयोजना बैंक" निर्माण गरिनेछ र सोही बैंकमा समावेश भएका योजनाहरूमा मात्र बजेट विनियोजन गर्ने नीति अवलम्बन गरिनेछ।
- गाउँपालिकाको भू—उपयोग नीति तथा भू—उपयोग क्षेत्र निर्धारणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आवास, बस्ती विकास, सार्वजनिक भवन तथा अन्य पूर्वाधार निर्माण कार्यलाई व्यवस्थित, सुरक्षित तथा गुणस्तरीय बनाइनेछ। एकीकृत बस्ती विकासका लागि आवश्यक गुरुयोजना निर्माण गरी सडक, खानेपानी, विद्युत, सञ्चार, सरसफाइ तथा सामाजिक पूर्वाधारयुक्त सुविधा सम्पन्न बस्ती विकास गरिनेछ।
- दीर्घकालीन पूर्वाधार विकासको मार्गनिर्देशनका लागि गाउँपालिका सडक गुरुयोजना कार्यान्वयनमा ल्याइनेछ। गाउँपालिकाको आर्थिक तथा सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याउने रणनीतिक तथा बहुआयामिक महत्वका आयोजनाहरूलाई **"गाउँपालिका गौरव आयोजना"** का रूपमा विकास गरी स्रोत तथा बजेटको सुनिश्चितता गरिनेछ।
- विगतदेखि निर्माणाधीन तथा अधुरा रहेका योजनाहरूलाई प्राथमिकताका साथ सम्पन्न गर्दै क्रमागत आयोजनामा आवश्यक बजेट विनियोजन गरिनेछ। सार्वजनिक लगानीको अधिकतम प्रतिफल सुनिश्चित गर्न समयमै सम्पन्न हुने, उत्पादनशील तथा जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने आयोजनालाई विशेष प्राथमिकता दिइनेछ।
- भवन निर्माण अनुमति प्रक्रियालाई पूर्ण रूपमा प्रविधिमैत्री, पारदर्शी तथा सेवाग्राहीमैत्री बनाउँदै डिजिटल नक्शा पास प्रणाली तथा विद्युतीय अभिलेख व्यवस्थापन प्रणाली लागू गरिनेछ। साथै गाउँपालिकाभित्र निर्माण हुने सार्वजनिक तथा निजी भवनहरूलाई भूकम्प प्रतिरोधी, अपाङ्गतामैत्री तथा वातावरणमैत्री मापदण्डअनुसार निर्माण गर्न प्रोत्साहित गरिनेछ।

- गाउँपालिकाको स्वामित्वमा रहेका सडक, पुल, भवन, खानेपानी, सिँचाइ तथा अन्य सार्वजनिक संरचनाहरूको नियमित मर्मत—सम्भार तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ। सार्वजनिक सम्पत्तिको संरक्षणलाई स्थानीय समुदायसँगको साझेदारीमा थप प्रभावकारी बनाइनेछ।
- गाउँपालिकाको सीमा क्षेत्र स्पष्ट रूपमा यकिन गरी ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय पहिचान झल्किने आकर्षक स्वागतद्वार निर्माण गरिनेछ। साथै महत्वपूर्ण सार्वजनिक स्थल, पर्यटकीय क्षेत्र तथा धार्मिक सम्पदाहरूको संरक्षण तथा पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।
- सार्वजनिक—निजी साझेदारी (PPP) अवधारणालाई प्रोत्साहन गर्दै पूर्वाधार विकास, ऊर्जा, पर्यटन, बजार व्यवस्थापन तथा सेवा प्रवाहसँग सम्बन्धित विभिन्न आयोजनाहरू निजी क्षेत्रसँगको सहकार्यमा सञ्चालन गरिनेछ।
- खानेपानी तथा सरसफाइ क्षेत्रलाई दिगो र प्रभावकारी बनाउन खानेपानीका मुहान, योजना तथा संरचनाहरूको अभिलेखीकरण, व्यवस्थापन तथा अनुगमनलाई **NWASH APP** मार्फत डिजिटल प्रणालीमा आबद्ध गरिनेछ। सबै खानेपानी योजनाको तथ्याङ्क अद्यावधिक गर्दै नयाँ योजनाहरूको डिजिटल अभिलेख तयार गरिनेछ।
- आर्थिक वर्ष २०८३/०८४ भित्र गाउँपालिकाका सबै घरधुरीमा स्वच्छ, सुरक्षित तथा गुणस्तरीय खानेपानी सेवा पुऱ्याउने लक्ष्यसहित खानेपानी आयोजना सम्पन्न गरिनेछ। साथै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरूको क्षमता विकासका लागि प्लम्बिङ (BMW) सम्बन्धी तालिम तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।
- बालबालिकाको शारीरिक, मानसिक तथा सिर्जनात्मक विकासलाई प्रोत्साहन गर्न प्रत्येक वडा तथा बस्तीमा क्रमशः बाल उद्यान, खुला खेल मैदान निर्माण गरिनेछ।
- पूर्वाधार विकासका सम्पूर्ण कार्यक्रमहरूलाई दिगो विकास लक्ष्य (SDGs), जलवायु अनुकूल विकास तथा वातावरण संरक्षणका सिद्धान्तसँग आबद्ध गरिनेछ। निर्माण कार्यमा स्थानीय स्रोत, श्रम तथा वातावरणीय सन्तुलनलाई प्राथमिकता दिइनेछ।
- गाउँपालिकाभित्रका मुख्य सडकहरूलाई वर्षभरि सञ्चालनयोग्य, सुरक्षित तथा स्तरोन्नत बनाइनेछ। दैनिक रूपमा सञ्चालन हुने मुख्य सडकहरूको नियमित मर्मत, स्तरोन्नति तथा यातायात सहजता सुनिश्चित गरिनेछ। शाखा तथा ग्रामीण सडकहरूलाई पनि क्रमशः सुधार गर्दै बाह्रै महिना सञ्चालनयोग्य बनाउने नीति अवलम्बन गरिनेछ।
- संघ तथा प्रदेश सरकारका निकायहरूबाट निर्माणाधीन तथा निर्माण हुने सडक, पुल तथा अन्य पूर्वाधार आयोजनाहरूको गुणस्तर, दिगोपना तथा समयमै सम्पन्नताका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय, सहजीकरण, अनुगमन तथा सुपरिवेक्षणलाई निरन्तरता दिइनेछ।
- ऊर्जा तथा सञ्चार क्षेत्रको विस्तारलाई प्राथमिकता दिँदै गाउँपालिकाभित्र वैकल्पिक ऊर्जा, सौर्य ऊर्जा, विद्युतीकरण विस्तार, विद्युतीय सडक बत्ती तथा उच्च गतिको इन्टरनेट सेवाको पहुँच विस्तार गरिनेछ। गाउँपालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक सेवा केन्द्रहरूलाई क्रमशः **Smart Infrastructure** अवधारणाअनुसार प्रविधिमैत्री बनाइनेछ।

## ५. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र :

- गाउँपालिकाका विभिन्न स्थानमा पहिरो, भू—क्षय तथा प्राकृतिक प्रकोपबाट जोखिममा परेका घर, बस्ती, कृषि योग्य जमिन तथा सार्वजनिक संरचनाको संरक्षणका लागि ग्याविन जाली, तटबन्ध, नाला व्यवस्थापन, जैविक इन्जिनियरिङ तथा वृक्षारोपण लगायतका संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ। उच्च जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी आवश्यक पूर्वाधार निर्माण तथा संरक्षणका कार्यलाई प्राथमिकता दिइनेछ।
- वर्षायाम तथा प्राकृतिक विपद्का कारण क्षति पुगेका सडकहरूको संरक्षण, मर्मत तथा स्तरोन्नति गरी वर्षभरि सुरक्षित र सहज आवागमनको व्यवस्था मिलाइनेछ। मुख्य सडक तथा ग्रामीण सडकहरूको नियमित अनुगमन गरी आवश्यक मर्मत सम्भारलाई निरन्तरता दिइनेछ।
- हावाहुरी, चटयाङ, आगलागी, डढेलो, पहिरो, बाढी तथा अन्य प्राकृतिक तथा मानव सिर्जित विपद्को जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, सचेतना, उद्धार तथा राहत व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ। आकस्मिक विपद्को समयमा तत्काल परिचालन हुने राहत तथा प्रतिकार्य संयन्त्रलाई थप प्रभावकारी बनाइनेछ।
- प्रत्येक वडामा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी स्वयंसेवक समूह (LDRT/CADRE) गठन तथा सुदृढीकरण गरिनेछ। खोज, उद्धार, प्राथमिक उपचार, विपद् व्यवस्थापन तथा प्रतिकार्य सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरी स्थानीय तहको विपद् सामना गर्ने क्षमतालाई अभिवृद्धि गरिनेछ।
- माध्यमिक विद्यालयहरूमा वातावरण क्लब गठन गरी वातावरण संरक्षण, जलवायु परिवर्तन, सरसफाइ तथा जैविक विविधता संरक्षण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। विद्यार्थीहरूलाई वातावरण संरक्षण अभियानमा सहभागी गराई हरित विद्यालय अवधारणालाई प्रवर्द्धन गरिनेछ।
- वन, वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा सरकारी, गैरसरकारी, सामुदायिक तथा निजी क्षेत्रसँग समन्वय, सहकार्य तथा साझेदारीलाई सुदृढ गरिनेछ। उपलब्ध स्रोत, साधन र प्राविधिक ज्ञानको अधिकतम उपयोग गरी स्थानीय आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकालाई स्वच्छ, सुन्दर र वातावरणमैत्री बनाउन फोहोरमैला वर्गीकरण, पुन:प्रयोग, पुनर्चक्रण तथा सुरक्षित व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। सार्वजनिक स्थल, बजार क्षेत्र तथा विद्यालयहरूमा सरसफाइ अभियान सञ्चालन गरी वातावरणीय प्रदूषण न्यूनीकरण गरिनेछ।
- गाउँपालिकाभित्र रहेका ताल, पोखरी, सिमसार क्षेत्र, जलाधार क्षेत्र तथा सार्वजनिक खुला क्षेत्रहरूको संरक्षण, पुनर्जीवन, अभिलेखीकरण तथा सौन्दर्यीकरण गरिनेछ। जैविक विविधता संरक्षण तथा पर्यावरणीय सन्तुलन कायम गर्न यस्ता क्षेत्रहरूको दिगो व्यवस्थापनमा विशेष जोड दिइनेछ।
- वडा तथा सार्वजनिक स्थलहरूमा सूचना पाटी स्थापना गरी वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन सम्बन्धी सूचना प्रवाह गरिनेछ। जनचेतनामूलक कार्यक्रम, अन्तरक्रिया तथा अभियान सञ्चालन गरी नागरिक सहभागिता अभिवृद्धि गरिनेछ।

- दाउरा तथा जीवाश्म इन्धनको प्रयोग न्यूनीकरण गर्दै सौर्य ऊर्जा, सुधारिएको चुलो, बायोग्यास तथा अन्य वातावरणमैत्री ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ। वैकल्पिक ऊर्जा प्रविधिको विस्तार गरी कार्बन उत्सर्जन न्यूनीकरणमा योगदान पुऱ्याइनेछ।
- "एक नागरिक—एक बिरुवा" अभियानलाई प्रवर्द्धन गर्दै गाउँपालिका, वडा कार्यालय, विद्यालय, सार्वजनिक स्थल, धार्मिक क्षेत्र तथा सडक किनारामा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ। रैथाने तथा फलफूलजन्य बिरुवाको रोपण गरी हरियाली विस्तार, भू—क्षय नियन्त्रण तथा वातावरण संरक्षणमा योगदान पुऱ्याइनेछ।
- जलवायु परिवर्तनबाट उत्पन्न प्रभाव न्यूनीकरण तथा अनुकूलनका लागि स्थानीय अनुकूलन योजना कार्यान्वयन गरिनेछ। पानीका मुहान संरक्षण, जलाधार व्यवस्थापन, जैविक विविधता संरक्षण तथा हरित पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।
- विपद् जोखिमयुक्त क्षेत्रहरूको GIS Mapping, डिजिटल अभिलेख व्यवस्थापन तथा प्रारम्भिक सूचना प्रणाली (Early Warning System) को प्रयोगलाई विस्तार गरिनेछ। विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अनुगमनलाई प्रविधिमैत्री बनाइनेछ।
- गोकुलगंगा गाउँपालिकाको कृषि उत्पादन तथा कृषकहरूको जीविकोपार्जनमा बाँदर लगायतका वन्यजन्तुजन्य क्षतिको समस्या गम्भीर चुनौतीको रूपमा देखा परेको छ। निरन्तर बाली नष्ट हुने, उत्पादन लागत बढ्ने तथा कृषि पेशाप्रति निराशा बढ्दै जाँदा धेरै कृषकहरू कृषि पेशा परित्याग गर्न बाध्य भएका छन् भने कतिपय परिवारहरू गाउँ नै छोडेर बसाइँसराइ गर्ने अवस्थामा पुगेका छन्। यस अवस्थाले कृषियोग्य जमिन बाँझो रहने, खाद्य उत्पादनमा कमी आउने तथा गाउँ नै जनशून्य हुने जोखिम बढाएको छ। यस समस्याको दीर्घकालीन समाधानका लागि सम्बन्धित निकायहरूसँग समन्वय गरी बाँदर नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

अन्त्यमा, समृद्ध, सुशासित, समावेशी, प्रविधिमैत्री तथा दिगो विकासयुक्त गोकुलगंगा गाउँपालिका निर्माण गर्ने दृढ संकल्पका साथ प्रस्तुत गरिएका यी नीति तथा कार्यक्रमहरू आगामी आर्थिक वर्ष २०८३/०८४ मा प्रभावकारी रूपमा कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गर्दछु।

यसपश्चात् गोकुलगंगा गाउँपालिकाकी उपाध्यक्ष श्री उषादेवी कार्कीज्यूले आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम यस गरिमामय गाउँसभाको १९औं अधिवेशनमा प्रस्तुत गर्नुहुनेछ। प्रस्तुत नीति तथा कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनका लागि आवश्यक समन्वय, सहकार्य, सहजीकरण, अनुगमन तथा रचनात्मक सुझाव प्रदान गरिदिनुहुन सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलहरू, गैरसरकारी तथा सामुदायिक संघसंस्थाहरू, निजी क्षेत्र, बुद्धिजीवी, शिक्षाविद्, समाजसेवी, नागरिक समाज, सञ्चारकर्मी, सुरक्षाकर्मी तथा सम्पूर्ण सरोकारवाला निकायहरूमा हार्दिक अनुरोध गर्दछु।

साथै, गोकुलगंगा गाउँपालिकाको समग्र विकास, सुशासन, सेवा प्रवाह तथा समृद्धिको यात्रामा निरन्तर साथ, सहयोग, सुझाव र विश्वास प्रदान गर्दै आउनुभएका सम्पूर्ण गोकुलगंगावासी आमाबुबा, दाजुभाइ, दिदीबहिनी, युवा तथा सम्पूर्ण नागरिकप्रति हार्दिक सम्मान, आभार तथा कृतज्ञता व्यक्त गर्दछु।

यस नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा बहुमूल्य सुझाव, सल्लाह र रचनात्मक सहयोग प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरू, विषयगत समितिहरू, वडा समितिहरू, राजनीतिक दलहरू, नागरिक समाज, विकास साझेदार संस्थाहरू तथा सरोकारवालाहरूलाई विशेष धन्यवाद व्यक्त गर्दछु।

त्यसैगरी, नीति तथा कार्यक्रम निर्माण तथा बजेट तयारी प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने गाउँपालिकाकी उपाध्यक्ष श्री उषादेवी कार्कीज्यू, सम्पूर्ण गाउँसभा सदस्यज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

हामी सबैको साझा प्रयास, सहकार्य, पारदर्शिता, उत्तरदायित्व र विकासप्रतिको प्रतिबद्धताबाट मात्रै "समृद्ध गोकुलगंगा, सुखी गोकुलगंगावासी" को लक्ष्य हासिल गर्न सकिने विश्वास व्यक्त गर्दै आगामी दिनहरूमा समेत यहाँहरूको निरन्तर साथ, सहयोग, सुझाव र सद्भाव प्राप्त भइरहने अपेक्षा गर्दछु।

**"हाम्रो प्रतिबद्धता : सुशासन, समृद्धि, सामाजिक न्याय र दिगो विकास"**

यही शुभेच्छासहित प्रस्तुत नीति तथा कार्यक्रमलाई सफल कार्यान्वयनका लागि सबै पक्षबाट पूर्ण सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै आफ्नो मन्तव्य यहीँ समाप्त गर्दछु।

**धन्यवाद!**

# जय नेपाल, जय गोकुलगंगा !